"

# स्थानीय राजपत्र


## सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ९, संख्याः ८  असार ६ गते, २०८२ साल**


## भाग-२

### सरुमारानी गाउँपालिका

### सडक हेरालु/मर्मत कार्यकर्ता व्यवस्थापन तथा संचालन निर्देशिका, २०८२"

स्वीकृत मितिः २०८२/०३/०६

प्रमाणिकरण मिति २०८२/०३/०६

**प्रस्तावनाः**

सरुमारानी गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायात संचालन गर्नका लागी यस गाउँपालिकाका विभिन्न वडाहरु भित्र रहेका महत्वपूर्ण सडकहरुलाई १२ महिना संचालन गर्नु पर्ने र सो का लागि सडक हेरालु राख्दा मर्मत संभार खर्चमा समेत कमी हुने हुँदा उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम सँगत बनाउनका लागि बान्छनीय भएकोले, सरुमारानी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा (४ ) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८२।३।६ गतेको बैठकले यो निर्देशिका जारी गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१) संक्षित नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "***सरुमारानी गाउँपालिकाको सडक हेरालु/मर्मत कार्यकर्ता व्यवस्थापन तथा संचालन निर्देशिका, २०८२*** हुनेछ ।

ख. यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछी तुरुन्त लागु हुने छ।

**२) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

क. "**अध्यक्ष**" भन्नाले सरुमारानी  गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ख. "**उपाध्यक्ष**" भन्नाले सरुमारानी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले सरुमारानी  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

"

घ. "**वडाध्यक्ष**" भन्नाले सरुमारानी  गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनु पर्दछ ।

ङ. **'सडक हेरालु'** भन्नाले सरुमारानी गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका सडक हेरालु (मर्मत कार्यकर्ता) लाई सम्झनु पर्दछ।

च. "**छनौट समिति**" भन्नाले सडक हेरालु छनौट गर्न यस निर्देशिकाले तोकेको समिति सम्झनु पर्दछ ।

छ. "**सडक**" भन्नाले सरुमारानी  गाउँपालिका अन्तर्गतका राष्ट्रिय राजमार्ग बाहेकका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ ।

ज. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

झ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ञ. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत संम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

## ३) निर्देशिकाको आवश्यकता

राज्यको पुनर्संरचनापश्चात स्थानीय तहको अधिकार क्षेत्र भित्र स्थापित सडकहरुको मर्मत सम्भारलाई व्यवस्थित गर्न, लगानीको अधिकतम प्रतिफल हासिल गर्न, कुल यातायात खर्च न्यून गर्न, भरपर्दो यातायात सेवा उपलब्ध गराउन तथा सडकको दीर्घकालीन प्रयोग बढाउन गर्नुपर्ने मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न यस निर्देशिका आवश्यक भएको छ ।

## ४) निर्देशिकाको उद्देश्य

स्थानीय सडकहरुको मर्मत सम्भारलाई प्राथमिकीकरण गर्नु, योजनाबद्ध मर्मत सम्भार योजना तर्जुमा तथा कार्यान्वयन गर्नु, कार्यान्वयन प्रक्रियामा एकरूपता तथा सरलता ल्याउनु र सडक सम्पत्तिको दिगो व्यवस्थापनबाट उपलब्ध सिमित श्रोत साधनको प्रभावकारी रुपमा प्रयोग गर्दै आम नागरिकलाई गुणस्तरीय, सुरक्षित तथा भरपर्दो सडक यातायात सेवा प्रदान गर्नु यस निर्देशिकाको उद्देश्य रहेको छ।

## ५) निर्देशिकाको प्रयोग

यो निर्देशिकाको प्रयोगकर्ताको रुपमा सडक मर्मत सम्भार योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन चरणमा संलग्न रहने कार्यालय, सम्भार कर्ता, लाभग्राही तथा उपभोक्ता समिति र निर्माण व्यवसायीका साथै आम नागरिकलाई समेत लिइएको छ ।

## ६) मर्मत सम्भारको उद्देश्य

सडक मर्मत सम्भारको उद्देश्य निम्नानुसार रहेको छः-

क) सडकको निर्धारित सेवा स्तर कायम राख्न ।
ख) यातायात खर्च तथा समय न्यूनीकरण गर्न,
ग) सम्भावित दुर्घटनाको जोखिम न्यूनीकरण गर्न,
घ) बढी खर्चिलो र जटिल मर्मत कार्यवाट जोगिन,

ङ) सडक सम्पत्तिको दीर्घकालीन व्यवस्थापन गर्न,

च) उपलब्ध स्थानीय स्रोत साधनको सदुपयोग गर्न,

छ) लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न,

ज) नागरिकलाई सुरक्षित, आरामदायी र भरपर्दो यातायात सुविधा प्रदान गर्न।

## ७) मर्मत संभारका प्रकारः

क) नियमित मर्मत सम्भार (Routine Maintenance)

सडक निर्माण सम्पन्न हुनासाथ सडकस्तर ह्रासको प्रक्रिया सुरु हुन्छ । सडकको सुरुवाती स्तरको सेवा अवधिलाई बढाउन समयमा नै रोकथाममूलक क्रियाकलापहरु संचालन गर्नु पर्दछ । नियमित मर्मत सम्भार रोकथाममूलक मर्मत सम्भारकै एक प्रकार हो, जहाँ सडक तथा सडकका अंगहरुमा क्षति पुग्नु भन्दा अगाडि नै सचेतपूर्वक क्षतिका कारक तत्वहरुको नियमित निवारण गर्नु हो। यसो गर्दा भविष्यमा हुने खर्चिलो र जटिल प्रकारका मर्मत बाट बच्न सकिन्छ । सडकलाई उपयुक्त स्वरूपमा राख्न र सेवा स्तर ह्रास हुनबाट बचाई राख्न दक्ष कामदारको संलग्नता बिना नियमित रुपमा गर्नुपर्ने साधारण प्रकृतिका मर्मत सम्भार कार्यहरु यस अन्तर्गत पर्दछन् । नियमित मर्मत सम्भार अन्तर्गत निम्नानुसार क्रियाकलापहरु पर्दछन् ।

| क.स. | क्रियाकलाप | किन गर्ने ? | कसरी गर्ने ? |
|---|---|---|---|
| १ | सडक किनारा (shoulders) को मर्मत सम्भार | सडक सतह (pavement) को सुरक्षा गर्न<br>थप चौडा सडक क्षेत्रको प्रयोग गर्न | सडक सतहमा आउने पानी नालीमा खस्ने गरी सडक किनाराको cross slope तथा level लाई मिलाउने |
| २ | घाँसपात हटाउने | प्रयोगकर्ताको सडक दृष्टिपथ (visibility) अभिवृद्धि गर्न | भित्ता, embankments तथा सडक किनाराका घाँसपात, बुट्यान काट्ने (नउखल्ने) |
| ३ | नाली सफा गर्ने | सडक छेउछाउको पानीलाई सहज निकास दिन | नालीमा जम्मा भएको गेग्रान तथा अन्य अवरोध हटाई सफा बनाउने |
| ४ | कल्भर्ट सफा गर्ने | पानीको निकास तथा संरचना सुरक्षा गर्न | कल्भर्टमा जम्मा भएको गेग्रान तथा अन्य अवरोध हटाई सफा बनाउने |
| ५ | कच्ची नाली बनाउने | पानीलाई सडक सतहवाट अन्यत्र निकास दिन | कच्ची नाली बनाई पानीको निकास दिने |
| ६ | पुल सफा गर्ने | संरचना सुरक्षा गर्न | पानी निकास स्थानको सफाई रेलिंग तथा Joints को सफाई |
| ७ | सडक सफा गर्ने, खाल्डाखुल्डी पुर्ने, सम्याउने | सडक सुरक्षा गर्न | -सडक सतहवाट गिट्टी, ढुंगा, माटो तथा अन्य अवरोध हटाई सफा बनाउने<br>-सडकका खाल्डाखुल्डी पुर्ने, सतह मिलाउने |
| ८ | स-साना पहिरो हटाउने | -सवारी आवागमनलाई निरन्तरता दिन<br>-नाली बन्द हुन नदिन | स-साना पहिरोलाई उपलब्ध स्रोत साधनको प्रयोग गरी हटाउने |

ख) आकस्मिक मर्मत (Emergency Maintenance)

कुनै प्राकृतिक विपद् तथा भवितव्यका कारण सडक अवरुद्ध भई सवारी आवागमन हुन नसकेमा वा सडकलाई हानि नोक्सानी हुने खतरा उत्पन्न भएमा आकस्मिक रुपमा गरिने; सडक खोल्ने, अवरुद्ध सवारी आवागमन सुचारु गर्ने तथा थप हानि नोक्सानीबाट बचाउन तुरुन्तै गरिने मर्मत कार्यहरु यस अन्तर्गत पर्दछन् । जस्तैः

- आकस्मिक अवस्थामा सवारी आवागमन संचालन, सूचना सम्प्रेषण तथा व्यवस्थापन,
- पहिरो तथा अन्य अवरोध हटाई सडक खुला गर्ने कार्य,
- भत्केको Cut slope तथा Embankment को आकस्मिक मर्मत,
- डाइभर्सन व्यवस्थापन,
- पुलपुलेसाको आकस्मिक मर्मतसम्भार ।

## ७) सडक मर्मतसम्भार कर्ता/सडक हेरालुको सङ्ख्या निर्धारण

सडक हेरालु/मर्मत सम्भार कार्यकर्ताको सङ्ख्या निर्धारण गाउँकार्यपालिकाले आवश्यकता र औचित्यताको आधारमा निर्धारण गरे बमोजिम हुनेछ ।

## ८) सडक हेरालुहरुको कार्यक्षेत्र

क. हेरालुहरुको कार्यक्षेत्र यस सरुमारानी गाउँपालिका अन्तर्गत रहेका सवै वडा सडकहरु हुनेछन ।
ख. गाउँपालिका तथा वडाले तोकेका मूख्य सडकमा हेरालु खटाउन सकिनेछ ।
ग. उपदफा (२) बमोजिम सडक हेरालु खटाउदा अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ ।

## ९) सडक हेरालुको कार्यक्षेत्र

सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

- सडकमा पर्ने खाल्डाहरु पुर्ने, सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने ।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।
- सडक सरसफाइ गर्ने ।सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## १०) सडक हेरालु छनौट समिति

- सडक हेरालु छनौट सम्बन्धीत वडाको सिफारिसमा गाउँकार्यपालिकाबाट हुनेछ।
- सम्बन्धीत वडाको वडा समितिले हेरालु छनोट सिफारिस समितिको रुपमा कार्य गर्नेछ।

## ११) सडक हेरालु अनुगमन समिति

सडक हेरालुले आ-आफ्नो दायित्व अनुसार काम गरे नगरेको अनुगमन गर्न देहायको समिति गठन गरिएको छ।

- उपाध्यक्ष -संयोजक
- कार्यपालिकाको महिला/दलित सदस्य -सदस्य
- सडक रहेको वडाको वडा अध्यक्ष -सदस्य
- सम्बन्धित वडाको प्राविधिक -सदस्य
- योजना शाखा प्रमुख -सदस्य सचिव

## १२) छनौट प्रकृया

१२.१ सडकको मर्मत सम्भार गर्न सडक हेरालु छनौट सम्बन्धित वडा समितिबाट हुनेछ।सम्बन्धित वडाको वडा समितिले छनौट सिफारस समितिको काम गर्नेछ ।साथै छनौट प्रकिया देहाय बमोजिम हुनेछ ।

क. सडक हेरालुका लागि उपयुक्त उम्मेद्वारको आवेदन माग गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट गाउँकार्यपालिकाको सहमति लिई न्यूनतम सात दिन अवधिको सूचना प्रकाशन वडा कार्यालय मार्फत गर्नुपर्नेछ ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिनेछ।

ग. तोकिएको मितिमा अन्तवार्ताको माध्यमबाट छनोट गरिनेछ ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधि भित्र रही गर्नुपर्ने छ ।

- सम्बन्धित वडाको स्थायी वासिन्दा भएको,
- उमेर १८ वर्ष पुरा भई ५८ वर्ष ननाघेको,
- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी जावफदेहीता बहन गर्ने,
- विगतका समेत सडक सँरक्षक तथा हेरालु भई काम गरेको अनुभवी एवं सडक सम्बन्धी काम गर्न जानेको व्यक्ति तथा सम्बन्धित सडक नजिकको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ ।

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उम्मेद्वारहरुलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले दिनेछ।करार सम्झौता गर्नुपूर्व सिफारिसको क्रममा प्रचलित मापदण्डको पालना भए नभएको एकिन गर्ने जिम्मा गाउँकार्यपालिकाको कार्यालयको हुनेछ । सिफारिस भएको उमेद्वारहरुको म्याद थप करार सम्झौता बमोजिम हुनेछ।

१२.२ माथि दफा १२ को उपदफा १२.१ बमोजिम सडक हेरालु छनौट पहिलो पटकलाई सूचना प्रकाशन विना वडा समितिले सिफारिस गर्न सक्नेछ । तर त्यसपछि छनौट गर्दा उपदफा १२.१ बमोजिमको प्रकृया अवलम्वन गरेको हुनु पर्नेछ ।

## १३) हेरालुको दैनिक कार्य समयः

**क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :**

- दिनमा ८ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।
- सडक हेरालुले हेर्नु पर्ने सडक वडा भित्रको रहनेछ। वडा अध्यक्ष, वडा सचिव र प्राविधिकको समन्वयमा तोकेको वडा भित्रको सडकमा काम गर्नु पर्नेछ ।
- आफ्नो वडा संग जोडिएको वडाको सडक मर्मत गर्दा दुवै वडाको सहमति र समन्वयमा गर्नु पर्नेछ ।

## १४) सेवा सुविधा

क. सडक हेरालुको सेवा सुविधा गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिकाको सहयोगमा वडा कार्यालयले उपलब्ध गराउने छ ।

ग. सड्क हेरालुहरुको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा बैंक मार्फत गर्नुपर्ने छ ।

घ. सम्बन्धित वडाबाट प्रमाणित हाजिरी र सिफारिसको आधारमा मात्र महिना भुक्तान भएपछि वा म्याद सम्पन्न भएपछी सेवा सुविधा उपलब्ध गराइने छ।

## १५). मर्मत सम्भार सम्झौता

छनौट भएका सडक मर्मतसम्भार कर्तासँग कार्यालयले मर्मत सम्भार सम्झौता गर्नेछ। अन्य विषयका अतिरिक्त मर्मत सम्भार सम्झौतामा देहायका विषयहरु समावेश भएको हुनु पर्नेछः-

- मर्मतसम्भार कर्ताले मर्मत सम्भार गर्नुपर्ने सडक तथा सडक खण्ड,
- मर्मतसम्भार कर्ताको कार्य जिम्मेवारी तथा क्रियाकलापहरुको सूची,
- मर्मतसम्भारको कार्ययोजना तथा निर्धारित लक्ष्य हासिल गर्नुपर्ने व्यवस्था,
- औजार तथा सुरक्षा सामग्रीको उचित प्रयोग तथा संरक्षण गर्नुपर्ने व्यवस्था,
- बीमा सम्बन्धी व्यवस्था,
- अनुगमन, मूल्याङ्कन तथा पारिश्रमिक भुक्तानी विधि,
- सम्झौता खारेज हुने व्यवस्था ।
- सम्झौताको नमूना अनुसूची-१ मा दिइएको छ ।

## १६) तालिम

मर्मत सम्भार सम्झौता गरिसके पश्चात वा प्रत्येक वर्षको भाद्र महिनामा सडक मर्मत सम्भार सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ । धेरै भन्दा धेरै मर्मतसम्भार कर्तालाई पायक पर्ने स्थानमा तालिमको प्रबन्ध गर्न सकिनेछ ।

तालिममा अन्य विषयको अतिरिक्त मर्मत मर्मतसम्भार कर्तालाई सडक मर्मत सम्भार सम्बन्धी निम्नानुसार सैद्धान्तिक तथा व्यवहारिक विषयमा श्रव्य, दृश्य साधनको प्रयोग गरी जानकारी गराउनु पर्नेछः-

- विभिन्न सडक अङ्गहरु (Road elements) को परिचय (Introduction) र कार्य (Function) बारे सामान्य जानकारी,
- सडक अङ्ग विग्रने कारण, बिगार्ने तथा बिग्रने गति बढाउने कारक तत्व र बिग्रने प्रक्रियाबारे सामान्य जानकारी,
- रोकथाममूलक मर्मत सम्भार विधि र तिनको उपयोगिता सम्बन्धी जानकारी,
- मर्मत सम्भार कार्ययोजना, लक्ष्य निर्धारण, अनुगमन, मूल्याङ्कन तथा भुक्तानी विधि सम्बन्धी जानकारी,
- औजार तथा सुरक्षा सामाग्रीको प्रयोग विधि,
- सामान्य दुर्घटना तथा घाउचोट लाग्दा गर्नुपर्ने प्राथमिक उपचार विधि,
- बीमा सम्बन्धी जानकारी,
- क्षमता अभिवृद्धि तथा प्रेरणावर्धक तालिम आदि ।

## १७) औजार, सुरक्षा तथा अन्य सामाग्री

सडक मर्मतसम्भार कर्ताको लागि आवश्यक पर्ने देहाय अनुसारका औजारहरु, सुरक्षा तथा अन्य आवश्यक सामाग्रीहरु ( व्हिलब्यारो (ठेलागाडा, गैटी, घन र छिनो झाडु, कुचो, कोदालो र कुटो, बन्चरो, हसिया, धुर्मुस, बेलचा आदी) कार्यालयले खरिद गरी उपलब्ध गराउनेछ। औजार सामाग्री, सुरक्षा उपकरण तथा अन्य सामाग्री प्राप्त गरिसकेपछि उचित संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित मर्मतकार्यकर्ताको हुनेछ ।

## १८) सडक हेरालु/ मर्मतसम्भार कर्ताको लागि आवश्यक पर्ने सुरक्षा सामाग्रीः

कार्यालयले सडक मर्मतसम्भार कर्ताको लागि हाते औजारका अतिरिक्त सुरक्षाका उपकरणहरु (संकेत गर्ने झन्डा (रातो, हरियो), सुरक्षा ज्याकेट (टल्कने), पञ्जा, सुरक्षा चस्मा, मास्क, प्राथमिक उपचार सामाग्री, गमवूट, बाकस, रेन कोट, हेल्मेट, ट्राफिक चिन्ह र कोन आदी) समेत उपलब्ध गराउनु पर्नेछ। यस प्रकारका उपकरणको प्रयोगबाट सडक मर्मतसम्भार कर्तालाई सम्भावित दुर्घटनाबाट बचाउन तथा दुर्घटना भईहालेमा प्राथमिक उपचारमा समेत मद्दत पुग्दछ ।

## १९) अन्य सामाग्रीहरु

कार्यालयले स्थान विशेष सामान्य पटके वा आकस्मिक मर्मत सम्भार गर्न सडक मर्मतसम्भार कर्ताको प्रयोग गर्न सक्नेछ । कार्यालयले यसरी कार्य गर्दा आवश्यकता अनुसार ढुंगा, ग्रावेल, गिट्टी, बालुवा, सिमेन्ट, ग्याबियन जाली, तार जस्ता निर्माण सामाग्रीको प्रबन्ध गरी मर्मतसम्भार कर्तालाई मर्मत कार्ययोजना सहित कार्यादेश दिन सक्नेछ ।

## २०) कार्यविवरण

सडक मर्मतसम्भार कर्ताको कार्यविवरण देहायानुसार हुनेछः-

क) सडक सतह सफा गर्नेः पक्कि सडक सतहमा जम्मा हुने झारपात, ढुंगा, माटो, गेग्रान तथा अन्य अनावश्यक बस्तु नियमित रुपमा हटाई सफा गर्ने । पक्कि, ग्रावेल तथा धुले सडकका खाल्डा खुल्डी ढुंगा, माटो तथा ग्रावेलले पुरी सतह मिलाउने । पानीलाई सडक सतहमा आउन नदिन एवम् जम्न नदिन प्रवन्ध मिलाउने,

(ख) बोट बिरुवा तथा झारपात काट्नेः सडकको दुवै तर्फको भिरालो तथा समथर भूभाग र अन्य अत्यावश्यक ठाउँहरुमा कार्यालयले तोके अनुसारको क्षेत्रभित्र अव्यवस्थित रुपमा हुर्केको झारपात काट्ने तथा झाडी सफा गरेर तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(ग) नाली सफा गर्नेः नालीमा जम्मा भएको माटो, गेग्रान, झारपात तथा अन्य फोहोरको नियमित रुपमा सफा गरेर तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(घ) पुल-पुलेसाको सरसफाई गर्नेः पुल पुलेसाको मुख तथा भित्री भागमा जम्मा भएको माटो, झारपात लगायतका विभिन्न किसिमका जम्मा हुने फोहोर नियमित रुपमा सफा गरी तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(ङ) नालीको रिसेपिगं गर्नेः कच्ची नालीको हकमा विविध कारणले काटिएको, पुरिएको नालीको माटो खन्ने पुर्ने गरी यथोचित आकारमा ल्याई पानी तर्काउने व्यवस्था मिलाउने,

(च) सडक किनारा (सोल्जर) मर्मत गर्नेः सोल्जरमा भएको खाल्डाखुल्डी र कटानलाई पुरेर सतह मिलाउने, जम्मा भएको फोहोर तोकिएको स्थानमा फाल्ने, झारपात तथा बोट बिरुवालाई काँटछाँट गरी व्यवस्थित गर्ने, सडकको दुवैतर्फको स्लोपमा परेका चिरा तथा खाल्डाहरु ढुंगा माटोले पुरेर स्लोप मिलाउने,

(छ) साना तिना पहिरो सफा गर्नेः सडक सतह तथा नालीमा आएको सानातिना पहिरोलाई सफा गरेर तोकिएको स्थानमा फाल्ने। मर्मतसम्भार कर्ता एक्लैले सफा गर्न नसकिने स्तरका पहिरो भएमा तुरुन्त कार्यालयलाई जानकारी गराउने,

(ज) सडक झाडी तथा झारपात हटाई सङ्केत चिन्ह दुरुस्त र पढ्न सकिने गरी राखे, ढल्केको साईन बोर्ड पोष्ट, डेलीनियटर पोष्ट सिधा अडिने व्यवस्था मिलाउने,

(झ) अतिक्रमणकारी कार्य रोक्नेः सडक सीमाभित्र अवरोध हुने गरी कुनै सामाग्री राख नदिने, सडक सीमा क्षेत्रभित्र लगाईएका बोट विरुवाहरुको संरक्षण गर्ने तथा कुनै पनि अतिक्रमणकारी कार्यहरु हुन वा गर्न नदिने कार्यमा कार्यालयलाई सहयोग गर्ने ,धुले सडकका खाल्डा खुल्डी ढुंगा, माटो तथा ग्रावेलले पुरी सतह मिलाउने । पानीलाई सडक सतहमा आउन नदिन एवम् जम्न नदिन प्रवन्ध मिलाउने,

(ञ) कार्यालयलाई आकस्मिक सडक अवरोध, दुर्घटना तथा अन्य घटनाको जानकारी तुरुन्तै गराउने,

(ट) सडक छिमेकीसंग सुमधुर सम्बन्ध कायम गरी सडक मर्मत सम्बन्धी जनचेतना जगाउने कार्य गर्ने,

(ठ) अन्य कार्यः माथि उल्लेखित कामहरु अतिरिक्त कार्यालयको निर्देशन बमोजिमका सडक मर्मत सम्भार सम्बन्धी अन्य कार्यहरु गर्ने।

## २१) कार्यदिन निर्धारण तथा कार्ययोजना

क) सडकको सतह प्रकार, अवस्था तथा भूगोल अनुसार महिनाभर सडक मर्मत सम्भार कार्य आवश्यक नपर्ने हुनसक्छ । त्यस्तो खाली समयमा मर्मतसम्भार कर्ताले अन्य क्रियाकलापमा संलग्न हुने सुविधा प्राप्त गर्दछ भने कार्यदिन कम हुँदा मर्मत सम्भार श्रोतको समुचित प्रयोग समेत हुन्छ । यसका लागि नियमित मर्मत सम्भार गर्नुपर्ने महिना सुरु हुन भन्दा एक हप्ता अघि वडाको प्राविधिकले सडकको अनुगमन गरी मर्मत सम्भार कार्ययोजना बनाउनु पर्दछ। अन्य विषयका अतिरिक्त मर्मत सम्भार कार्ययोजनामा देहायका विषयहरु हुनेछन् :-

- नियमित मर्मत सम्भारको क्रियाकलाप,
- प्रत्येक क्रियाकलापको अनुमानित परिमाण,
- प्रत्येक क्रियाकलाप सम्पन्न गर्न आवश्यक व्यक्ति दिन,
- कुल व्यक्ति दिन बढीमा २६ दिन हुने गरी क्रियाकलाप तथा परिमाणको निर्धारण।

ख) कार्ययोजना कार्यालय प्रमुखबाट स्वीकृत गराई मासिक रुपमा स्वीकृत कार्य दिन, क्रियाकलाप परिमाण लक्ष्य तथा अपेक्षित नतिजाको बारेमा सम्बन्धित मर्मतसम्भार कर्तालाई जानकारी गराई काममा लगाउनु पर्नेछ । कार्ययोजनामा तोकिएको अवधिभित्र उल्लेखित क्रियाकलापको परिमाण अनुसारको कार्य गर्ने दायित्व मर्मतसम्भार कर्ताको हुनेछ ।

ग) मर्मत सम्भार कार्यको मूल्याङ्कन हाजिरी तथा नतिजामा आधारित रही मिश्रित प्रणालीमा हुनेछ । मर्मतसम्भार कर्ताबाट मासिक रुपमा कार्ययोजनाले तोकेको कुल कार्यदिन बराबर काम भए नभएको सम्बन्धमा हाजिरीमार्फत मूल्याङ्कन हुनेछ भने कार्ययोजनाले तोकेको क्रियाकलापहरुको परिमाणमा भएको थप घट बराबरको कार्यदिनको मूल्याङ्कन नतिजाका आधारमा गरिनेछ । कुल हाजिरी दिन र थपघट हुने कार्यदिन मिलाई हुने कुल कार्यदिन वा कार्ययोजनाले तोकेको कार्यदिन मध्ये न्युनतम हुने कार्यदिन बराबरको ज्याला भुक्तानी योग्य ज्याला हुनेछ। कुल हाजिरी तथा सम्पन्न भए/नभएका कामको परिमाणको लगत राखे जिम्मेवारी वडा प्राविधिकको हुनेछ । पारिश्रमिक भुक्तानी सम्बन्धित मर्मतसम्भार कर्ताको व्यक्तिगत बैंक खाता मार्फत हुनेछ ।

## २२) बीमा सम्बन्धी व्यवस्था

कार्यालयले सडक हेरालु/ मर्मतकार्यकर्ताको आवश्यताअनुसार दुर्घटना बीमा गर्न सक्नेछ । बीमा गरिएको जानकारी सम्बन्धित मर्मत कार्यकर्तालाई दिनुपर्नेछ । बीमा शुल्क बापतको रकम कार्यालयले ब्यहोर्नु पर्नेछ ।

## २३) विविध

क) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस निर्देशिका तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।यो निर्देशिका निर्माण गर्नु भन्दा अगाडि देखि कार्यरत सडक हेरालु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

ख) नीति, कानून तथा प्रविधिको विकाससँग तादात्म्य हुने गरी निर्देशिका समयानुकूल परिमार्जन गर्न सकिनेछ ।

"

ग) कार्यालयले सडक हेरालु/मर्मत कार्यकर्तालाई सडक मर्मत कार्यकर्ताको परिचयपत्र उपलब्ध गराउने छ ।कार्यस्थलमा रही काम गर्दा सडक हेरालु/मर्मत कार्यकर्ताले प्राप्त परिचयपत्र तथा सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्नु पर्नेछ ।

घ) सडक हेरालु/मर्मत कार्यकर्तालाई प्रदान गरिने औजार तथा सुरक्षा सामाग्रीको उचित प्रयोग तथा संरक्षण गर्ने दायित्व मर्मतसम्भार कर्ताको हुनेछ ।

ड) विशेष कारणवश मर्मतसम्भार कर्ता अनुपस्थित रहनु परेमा कार्यालयलाई सोको जानकारी गराई कार्यालयको सहमतिमा निश्चित दिनको लागि वैकल्पिक योग्य व्यक्तिको व्यवस्था गरी कार्ययोजना अनुरुपको कार्य गर्नु/गराउनु पर्नेछ ।तर गंभिर र मनासिव कारण बेगर कुनै पनि सडक हेरालु/मर्मत कार्यकर्ता हटाई नयाँ नियुक्ति गरिने छैन ।

अनूसूची-१

## <u>सडक हेरालु/सडक मर्मतकर्ता सम्झौता</u>

सरुमारानी गाउँकार्यपालिकाको कार्यालय (यसपछि “कार्यालय" भनिने, प्रथम पक्ष) र प्यूठान जिल्ला सरुमारानी पालिका वडा नं. को स्थायी निवासी ............................नाम_थर, ना.प्र.प.नं.: ..........................(यस पछि "सडक हेरालु/मर्मत कार्यकर्ता" भनिने, दोस्रो पक्ष) बिच मिति ............................नियमित सडक मर्मत सम्भार कार्यको लागि तपशिलका शर्तहरु पालना गर्ने गरी कार्यगर्न सहमत भई यो करार सम्झौता एक आपसमा बुझि लियौं दियौं ।

**कार्यालय तथा सडक हेरालु/मर्मत कार्यकर्ता" देहायका विषयहरुमा सहमत छन्:-**

१. नियमित मर्मत सम्भार गर्नुपर्ने सडकको नामः वडा कार्यालयले तोकेबमोजिमका सडक हुनेछन ।

२. यो सम्झौता; सम्झौता भएको मितिले ............. महिना/वर्ष सम्म लागु हुनेछ । आवश्यकता अनुसार कार्यालयले सम्झौता नविकरण गर्न सक्नेछ ।

३. संलग्न सडक हेरालु/मर्मत कार्यकर्ता" को कार्यजिम्मेवारी सम्बन्धी विवरण सम्झौताको अभिन्न अंग हुनेछ ।

४. सडक हेरालु/मर्मत कार्यकर्ता" ले स्वीकृत कार्ययोजना अनुसार तोकिएको समयमा लक्षित क्रियाकलापका परिमाणहरु सम्पन्न गर्नु पर्नेछ ।

५. सडक हेरालु/मर्मत कार्यकर्ताको भुक्तानी मासिक रुपमा निजको बैंक खातामार्फत हुनेछ ।मर्मत सम्भार कार्यको मूल्याङ्कन हाजिरी तथा कार्यप्रगतिको नतिजामा आधारित मासिक रुपमा कार्ययोजनाले तोकेको कुल कार्यदिन बराबर काम भए नभएको सम्बन्धमा हाजिरी मार्फत मूल्याङ्कन हुनेछ भने कार्ययोजनाले तोकेको क्रियाकलापहरुको परिमाणमा भएको थप घट बराबरको कार्यदिनको मूल्याङ्कन नतिजाका आधारमा गरिनेछ । कुल हाजिरी दिन र थप घट हुने कार्यदिन मिलाई हुने कुल कार्यदिन बराबरको ज्याला भुक्तानी योग्य ज्याला हुनेछ । मूल्याङ्कन फारम कार्यलयले उपलब्ध गराउन सक्नेछ ।

६. कार्यालयले सडक हेरालु/मर्मत कार्यकर्तालाई आवश्यक औजार तथा सुरक्षा सामाग्रीको प्रबन्ध मिलाउनेछ ।

७. कार्यालयले सडक हेरालु/मर्मत कार्यकर्तालाई सडक मर्मत कार्यकर्ताको परिचयपत्र उपलब्ध गराउने छ । कार्यस्थलमा रही काम गर्दा सडक सडक हेरालु/मर्मत कार्यकर्ताले प्राप्त परिचयपत्र तथा सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्नु पर्नेछ ।

८. सडक हेरालु/मर्मत कार्यकर्तालाई प्रदान गरिने औजार तथा सुरक्षा सामाग्रीको उचित प्रयोग तथा संरक्षण गर्ने दायित्व सडक हेरालु/मर्मत कार्यकर्ताको हुनेछ ।

९. विशेष कारणवश सडक हेरालु/मर्मत कार्यकर्ता अनुपस्थित रहनु परेमा कार्यालयलाई सोको जानकारी गराई कार्यालयको सहमतिमा निश्चित दिनको लागि वैकल्पिक योग्य व्यक्तिको व्यवस्था गरी कार्ययोजना अनुरुपको कार्य गर्नु/गराउनु पर्नेछ ।

१०. कार्यालयले आवश्यकताको आधारमा निश्चित अवधिको लागि विभिन्न सडक खण्डका सडक हेरालु/मर्मत कार्यकर्तालाई एकतित्र गरी निश्चित सडक खण्डको मर्मतसम्भार कार्य गराउन सक्नेछ ।

११. कार्यालयले निर्देशिकाले तोकेबमोजिम सडक हेरालु/मर्मत कार्यकर्तालाई तालिम तथा क्षमता विकास कार्यक्रमको संचालन गर्नेछ ।

१२. सडक हेरालु/मर्मत कार्यकर्ताले कार्यालयबाट निर्धारित आचरणको पालना गर्नुपर्नेछ। साथै प्रचलित कानूनद्वारा वर्जित तथा सामाजिक व्यवस्थामा खलल पुग्ने खालका क्रियाकलाप गर्न पाउने छैन। अन्यथा कार्यालयले सात दिनको सूचना दिई सम्झौता खारेज गर्न सक्नेछ।संलग्न सम्झौता खारेज हुने अवस्थाको विवरण सम्झौताको अभिन्न अंग हुनेछ ।

१३. अन्य व्यवस्था प्रचलित कानून तथा यस गाउँपालिकाको सडक हेरालु/ मर्मत कार्यकर्ता व्यवस्थापन तथा संचालन निर्देशिका, २०८२ ले तोके बमोजिम हुनेछ ।

| कार्यालयको तर्फबाटः- | सडक हेरालु/मर्मत कार्यकर्ताः- |
|---|---|
| नाम | नामः |
| पद | पदः |
| रोहबरः | ठेगानाः |
| | सम्पर्क नंः |

**सडक हेरालु/मर्मत कार्यकर्ता कार्यविवरणः-**

क) सडक सतह सफा गर्नेः पक्कि सडक सतहमा जम्मा हुने झारपात, ढुंगा, माटो, गेग्रान तथा अन्य अनावश्यक वस्तु नियमित रुपमा हटाई सफा गर्ने । पक्कि, ग्रावेल तथा धुले सडकका खाल्डा खुल्डी ढुंगा, माटो तथा ग्रावेलले पुरी सतह मिलाउने । पानीलाई सडक सतहमा आउन नदिन एवम् जम्न नदिन प्रबन्ध मिलाउने,

(ख) बोट बिरुवा तथा झारपात काट्नेः सडकको दुवै तर्फको भिरालो तथा समथर भूभाग र अन्य अत्यावश्यक ठाउँहरुमा कार्यालयले तोके अनुसारको क्षेत्रभित्र अव्यवस्थित रुपमा हुर्केको झारपात काट्ने तथा झाडी सफा गरेर तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(ग) नाली सफा गर्नेः नालीमा जम्मा भएको माटो, गेग्रान, झारपात तथा अन्य फोहोरको नियमित रुपमा सफा गरेर तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(घ) पुल-पुलेसाको सरसफाई गर्नेः पुल पुलेसाको मुख तथा भित्री भागमा जम्मा भएको माटो, झारपात लगायतका विभिन्न किसिमका जम्मा हुने फोहोर नियमित रुपमा सफा गरी तोकिएको स्थानमा व्यवस्थित तरिकाले फाल्ने,

(ङ) नालीको रिसेपिगं गर्नेः कच्ची नालीको हकमा विविध कारणले काटिएको, पुरिएको नालीको माटो खन्ने पुर्ने गरी यथोचित आकारमा ल्याई पानी तर्काउने व्यवस्था मिलाउने,

"

(च) सडक किनारा (सोल्जर) मर्मत गर्नेः सोल्जरमा भएको खाल्डाखुल्डी र कटानलाई पुरेर सतह मिलाउने, जम्मा भएको फोहोर तोकिएको स्थानमा फाल्ने, झारपात तथा बोट बिरुवालाई काँटछाँट गरी व्यवस्थित गर्ने, सडकको दुवैतर्फको स्लोपमा परेका चिरा तथा खाल्डाहरु ढुंगा माटोले पुरेर स्लोप मिलाउने,

(छ) साना तिना पहिरो सफा गर्नेः सडक सतह तथा नालीमा आएको सानातिना पहिरोलाई सफा गरेर तोकिएको स्थानमा फाल्ने। मर्मतसम्भार कर्ता एक्लैले सफा गर्न नसकिने स्तरका पहिरो भएमा तुरुन्त कार्यालयलाई जानकारी गराउने,

(ज) सडक झाडी सफा गर्ने, झाडी तथा झारपात हटाई सङ्केत चिन्ह दुरुस्त र पढ्न सकिने गरी राखे, ढल्केको साईन बोर्ड पोष्ट, डेलीनियटर पोष्ट सिधा अडिने व्यवस्था मिलाउने,

(झ) अतिक्रमणकारी कार्य रोक्नेः सडक सीमाभित्र अवरोध हुने गरी कुनै सामाग्री राख नदिने, सडक सीमा क्षेत्रभित्र लगाईएका बोट बिरुवाहरुको संरक्षण गर्ने तथा कुनै पनि अतिक्रमणकारी कार्यहरु हुन वा गर्न नदिने कार्यमा कार्यालयलाई सहयोग गर्ने,

(ञ) कार्यालयलाई आकस्मिक सडक अवरोध, दुर्घटना तथा अन्य घटनाको तुरुन्त जानकारी गराउने,

(ट) सडक छिमेकीसंग सुमधुर सम्बन्ध कायम गरी सडक मर्मत सम्बन्धी जनचेतना जगाउने कार्य गर्ने,

(ठ) अन्य कार्यः माथि उल्लेखित कामहरु अतिरिक्त कार्यालयको निर्देशन बमोजिमका सडक मर्मत सम्भार सम्बन्धी अन्य कार्यहरु गर्ने।

**सम्झौता खारेज हुने अवस्थाः**

१. सडक हेरालु/मर्मत कार्यकर्ता पुर्व सूचना विना लगातार सात कार्यदिन कार्यस्थलमा अनुपस्थित भएमा ।

२. सडक हेरालु/मर्मत कार्यकर्ता कार्यसम्पादन लगातार तीन पटक सम्मको चेतावनी पश्चात पनि सन्तोषजनक नभएमा ।

३. सडक हेरालु/मर्मत कार्यकर्ता फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा ।

४. सडक हेरालु/मर्मत कार्यकर्तालाई तीन पटक सम्मको चेतावनी पश्चात पनि कार्यस्थलमा मादक पदार्थ सेवन गरेको पाईएमा ।

५. लगातार तीन पटक सम्मको चेतावनी पश्चात पनि मर्मतकार्यकर्ता सुरक्षा सामाग्रीको प्रयोग नगरी कार्यस्थलमा काम गरेको पाईएमा।

६. सडक हेरालु/मर्मत कार्यकर्ता अस्वस्थ भई, तोकिए बमोजिम उमेर पुगी वा अन्य कारणले काम गर्न असमर्थ भएमा ।

७. सडक हेरालु/मर्मत कार्यकर्ताले विशेष परिस्थितिमा कार्यालयबाट सहमति प्राप्त गरेको बाहेक आफुलाई तोकिएको कार्यजिम्मेवारी अरु मार्फत गराएमा ।

समाप्त ।।।।

प्रमाणिकरण मितिः २०८२।३।६

.......................

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत